Photo: ECO Nepal

विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६

- विपद् जोखिम व्यवस्थापनको विश्वव्यापी साझा अवधारणापत्र ह्योगो कार्य संरचना तथा अन्तर्राष्ट्रिय मापदण्डको समेत अध्ययनको आधारमा सरकारले २०६६ साल असोज २५ गते 'विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६' लाई स्वीकृत गरेको छ ।
- स्वीकृत रणनीतिले देशभर सञ्चालन गरिने विकास निर्माण कार्यमा विपद् जोखिम न्यूनीकरण गर्न मार्गदर्शन प्रदान गर्ने अन्तरनिहित उद्देश्य राखेको छ ।
- स्वीकृत रणनीतिमा नेपालमा प्रकोपको अवस्था र त्यसबाट उत्पन्न हुने विपद् र त्यसको जोखिमबारे प्राविधिक विश्लेषणहरू पनि प्रस्तुत गरिएका छन् । त्यसैगरी विगतमा विभिन्न विपद्हरूले पुऱ्याएको क्षतिको लेखाजोखा, विपद् र गरिबीबीचको अन्तरसम्बन्ध, प्राकृतिक विपद् तथा वातावरणबीचको अन्तरसम्बन्धजस्ता पक्षलाई पनि नीति निर्माण र कार्यान्वयन प्रक्रियामा ध्यान दिनुपर्नेतर्फ जोड दिइएको छ ।
- एकीकृत विपद् जोखिम व्यवस्थापन (Total Disaster Risk Management - TDRM) को भावनालाई साकार रूप दिन पनि यस रणनीतिले जोड दिएको छ ।

रणनीतिले तय गरेका मुख्य मार्गनिर्देशक सिद्धान्तहरू

- विपद् जोखिम न्यूनीकरणको अवधारणालाई विकास यो जनाहरूमा मूलप्रवाहीकरण गर्ने,
- नागरिकको सुरक्षित जीवन र सामाजिक सुरक्षाको प्रत्याभूति दिने,
- लैङ्गिक तथा सामाजिक समावेशीकरणलाई जोड दिने,
- विकेन्द्रीत कार्यान्वयन प्रक्रिया अवलम्बन गर्ने,
- एकीकृत प्रणाली (Holistic Approach) अपनाउने,
- कर्मचारीको सुरक्षा (Staff Safety and Security) लाई प्राथमिकता दिने,
- एकद्वार नीति (One-Door Policy) र क्षेत्रगत अवधारणा (Cluster Approach) को आधारमा कार्य सञ्चालन गर्ने, र
- सहभागितामूलक, अन्तरक्रियात्मक र समन्वयात्मक प्रयासलाई व्यवहारमा कार्यान्वयन गर्ने ।

विपद् जोखिम राष्ट्रिय रणनीतिले निर्धारण गरेका प्राथमिकता र क्षेत्रगत अवधारणाको प्रभावकारी कार्यान्वयन गर्न संस्थागत सुधारको आवश्यकता टड्कारो रूपमा देखा परेको छ ।

Photo: Co-Action Nepal

प्राकृतिक प्रकोपमा महिलाहरू १४ गुणा बढी मृत्युको जोखिममा हुन्छन् ।

प्रमुख रणनीतिगत प्राथमिकता

रणनीतिले नेपालको सन्दर्भमा विद्यमान प्रमुख चुनौतीहरूको पहिचान गरेर समस्याको समाधानका लागि कार्यान्वयन प्रक्रियामा निम्नानुसारका पाँचवटा प्रमुख प्राथमिकता प्राप्त क्रियाकलापहरू दिएको छ :

- विपद् जोखिम न्यूनीकरण राष्ट्रिय तथा स्थानीय प्राथमिकता हुने र यसको कार्यान्वयनका लागि सशक्त संस्थागत व्यवस्थालाई सुनिश्चित गर्ने,
- विपद्का सम्भाव्य जोखिमको लेखाजोखा, पहिचान, अनुगमन र पूर्वचेतावनी प्रणाली सुदृढ गर्ने,
- सबै तहमा सुरक्षित संस्कृति एवं उत्थानशीलताको विकास गर्न ज्ञान, नवीनतम सोच र शिक्षाको उपयोग गर्ने,
- व्याप्त जोखिमका कारक तत्वहरूलाई न्यून गर्ने, र
- प्रभावकारी प्रतिकार्यका लागि विपद् पूर्वतयारीलाई सशक्त बनाउने ।

उल्लेखित पाँचवटा प्राथमिकता प्राप्त क्रियाकलापको प्रभावकारी कार्यान्वयन गर्न २९ वटा रणनीतिक क्रियाकलाप र सूचक क्रियाकलाप तथा परिणाम (Indicative Activity and Outcome) तथा जवाफदेही निकायहरू (Responsible Agencies) पनि तोकिएका छन् ।

Photo: Handicap International

विपद् जोखिम न्यूनीकरणका लागि क्षेत्रगत रणनीति (Sectoral Strategies for DRR)

विपद् जोखिम व्यवस्थापन रणनीति, २०६६ ले निम्नअनुसार नौवटा क्षेत्र निर्धारण गरेको छ :

- कृषि तथा खाद्य सुरक्षासम्बन्धी रणनीति,
- स्वास्थ्य तथा पोषण क्षेत्रसम्बन्धी रणनीति,
- शैक्षिक क्षेत्रसम्बन्धी रणनीति,
- आवास, पूर्वाधार तथा भौतिक योजनासम्बन्धी रणनीति,
- जीविकोपार्जनको संरक्षण,
- खानेपानी तथा सर-सफाइ क्षेत्रसम्बन्धी रणनीति,
- वन तथा भू-संरक्षण क्षेत्रसम्बन्धी रणनीति,
- सूचना, सञ्चार, समन्वय तथा बन्दो बस्ती/प्रबन्धगत क्षमतासम्बन्धी रणनीति,
- खोजी तथा उद्धार र क्षतिको लेखाजोखा तथा आवश्यकताको विश्लेषणसम्बन्धी रणनीति,

Photo: ECO Nepal